अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।१३ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

व्यवसायिक तथा शीप विकाश तालिम केन्द्र, भद्रपुर झापाका नायव सुब्बा राजकुमार धिमालले तालिम कार्यक्रम सञ्चालन गरेबापत भुक्तानी प्राप्त गर्नु पर्ने रकम दिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निज नायव सुब्बा राजकुमार धिमाललाई सेवाग्राहीसँग रू.३५,००० । - (पैंतिस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित व्यवसायिक तथा शीप विकाश तालिम केन्द्र, भद्रपुरको कार्यालय परिसरबाट नियन्त्रणमा लिईएको साथै उक्त कार्यमा संलग्न सोही कार्यालयका शाखा अधिकृत सुमिन्द्र मण्डललाई समेत नियन्त्रणमा लिइ थप अनुसन्धान भैरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता